धुलिखेल नगरपालिका
Dhulikhel Municipality

धुलिखेल नगरपालिका
DHULIKHEL MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel,Kavrepalanchok

पत्र संख्या :- ०७५/०७६

चलानी नम्बर (Ref No.): 2062

३ नं प्रदेश नेपाल
3 No. Province, Nepal

मितिः २०७६।०१।२६

**विषयः विषय विशेषज्ञमा सूचिकृत हुने सम्बन्धमा।**

प्रस्तुत विषयमा धुलिखेल नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरवन्दी तथा राहत अनुदान कोटामा नियमानुसार करार सेवामा शिक्षक नियुक्ति गर्दा गठन गरिने शिक्षक छनौट समितिको विषय विशेषज्ञको रुपमा रही कार्य गर्न इच्छुक देहायको योग्यता पुगेका स्थायी शिक्षकहरुले निम्नानुसारको कागजात सहित तोकिएको ढाँचामा मिति २०७६।०२।०५ गते सम्म यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१ माध्यमिक तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातकोत्तर र आधारभूत तहको हकमा कम्तीमा शिक्षा शास्त्रमा स्नातक तह उत्तिर्ण भएको हुनुपर्ने ।

२ विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तिमा ३ वर्ष भई कम्तीमा १ वर्षको स्थायी सेवा पुरा भएको हुनु पर्ने ।

३ जुन तहको विशेषज्ञ हुन चाहेको हो सोही तह उल्लेख गरी आवेदन दिनु पर्ने ।

४ माध्यमिक तह र आधारभूत तह कक्षा ६ देखि ८ को लागि विशेषज्ञ हुन चाहेको विषय समेत उल्लेख गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरु**

सम्वन्धित तहको न्युनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमति पत्र,स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरु

नोट : आधारभूत तह १ देखि ५ को लागि सूचिकृत हुने विशेषज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टीकरण तालिका बमोजिम प्रश्नहरु अंग्रेजी र नेपाली दुवै भाषामा ( भाषा विषय ) बाहेक भाषामा निर्माण गर्नु पर्नेछ ।

- माध्यमिक तह र आधारभूत कक्षा ६ देखि ८ को लागि विशेषज्ञ विषयगत रुपमा सूचिकृत गरिनेछ ।
- बिषय विशेषज्ञहरु १ वर्षको लागि सूचिकृत गरिनेछ ।
- माथिल्लो तहमा छनोट हुनेले तल्लो तहको लागि समेत बिशेषज्ञ हुन चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ ।

...................................
माधव प्रसाद शर्मा
उपसचिव

फोन नं. :- ०११-४९०३२४, ४९०७२४, फ्याक्स नं. :- ०११-४९००२९ E-Mail :- mundhulikhel@gov.np